# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरिनगरा, सुनसरी
कोशी प्रदेश, नेपाल

प.स.:- २०८३/०८४
च.नं.:- ४४५

हरिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हरिनगरा, सुनसरी कोशी प्रदेश नेपाल

मिति २०८३ । ०५ । १५

**मिति २०८३ । ०५ । १५ गते सोमबमार दिन हरिनगर गाउँपालिकाको अध्यक्ष श्री गफार अंसारीज्यूको अध्यक्षतामा वसेको जनप्रतिनिधि कर्मचारी तथा शिक्षक प्रतिनिधिको संयुक्त बैठकको निर्णय ।**

१. सम्बत् २०८३ साल भदौ १० गते रसुवा भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठूलो क्षतिप्रति गहिरो दु:ख व्यक्त गर्दै उक्त घटनामा परी ज्यान गुमाउनुहुने सम्पूर्ण व्यक्तिहरूप्रति हरिनगर गाउँपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने, शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने तथा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

२. यस विपदवाट भएको ठूलो जनधनको क्षति पश्चात् राहत तथा पुनर्स्थापना कार्यमा यस हरिनगर गाउँपालिकाको तर्फबाट आवश्यक राहत सहयोग पुर्याउनको लागि यस हरिनगर गाउँपालिकाको जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकको पारिकश्रमिकबाट देहाय बमोजिम रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | पद/तह | रकम |
|---|---|---|
| १ | जनप्रतिनिधि | १ महिनाको मासिक सुविधा |
| २ | कार्यालय सहयोगी कर्मचारी | २ दिनको सुरु तलब स्केल |
| ३ | ४/५ सहायकस्तर कर्मचारी | ५ दिनको सुरू तलब स्केल |
| ४ | अधिकृत स्तर कर्मचारी | ७ दिनको सुरू तलब स्केल तलब |
| ५ | शिक्षा तर्फ कार्यालय सहयोगी कर्मचारी | २ दिनको सुरु तलब स्केल |
| ६ | प्रा.वि.तहका शिक्षक | सहायकस्तरको ५ दिनको सुरू तलब स्केल/अधिकृतस्तर ७ दिनको सुरु तलव स्केल |
| ७ | नि.मा.तहका शिक्षक | सहायकस्तरको ५ दिनको सुरू तलब स्केल/अधिकृतस्तर ७ दिनको सुरु तलव स्केल |
| ८ | मा.वि.तहका शिक्षक | ७ दिनको सुरू तलब स्केल तलब |

३. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा यस हरिनगर गाउँपलिकाको प्रकोप व्यवस्थापन कोषबाट रु ५००००० । ०० पाँच लाख उपलब्ध गराउने नर्णय गरियो।

माथि उल्लेखित जनप्रतिनिधि, कर्मचारी, शिक्षकको तलब तथा सुविधाबाट कट्टा हुने सहयोग रकम रु. २६१५००० । ०० छब्विस लाख पन्ध्र हजार हुने व्यहोरा अनुरोध छ ।

गफार अंसारी मियाँ
अध्यक्ष

Email id : harinagargapa@gmail.com, ito.harinagarmun@gmail.com,website: www.harinagaramun.gov.np